२०६६ साल वैशाख ३ गते रोज ५ का दिन ०९.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. UNESCAP को अधिवेशनमा भाग लिने (राष्ट्रिय योजना आयोगका उपाध्यक्षले) विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।१५७-०६५।१२।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. अदालत तोक्ने (सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ अन्तर्गतको मुद्दा दायर गर्न) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।८४-०६५।१२।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. नेपाल कानून आयोगका सदस्यहरूको नियुक्ति विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।८५-०६५।१२।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. दुग्ध विकास संस्थानको सञ्चालक समितिमा दुग्ध व्यवसायी र दुग्ध उत्पादक कृषक प्रतिनिधि थप गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।५३-०६५।१२।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. सर्लाही, महोत्तरी, रौतहट र वारा जिल्लामा स्थगित एकीकृत सेवाकेन्द्र खोल्ने र थप एकीकृत सेवाकेन्द्र स्थापना गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२४६-०६५।११।१८ को प्रस्ताव - मन्त्रिपरिषद्, प्रशासन समितिको सिफारिश समेतलाई दृष्टिगत गरी देहायबमोजिम गर्ने -

(क) प्रत्येक निर्वाचन क्षेत्रमा एक/एक एकीकृत सेवाकेन्द्र स्थापना गर्न सैद्धान्तिक स्वीकृति दिने ।

(ख) एक निर्वाचन क्षेत्र मात्र भएका जिल्लाहरूमा भौगोलिक विकटताका आधारमा एकभन्दा वढी एकीकृत सेवाकेन्द्र स्थापना गर्न आवश्यक देखिएमा एक भन्दा वढी एकीकृत सेवाकेन्द्र स्थापना गर्ने ।

(ग) खण्ड (क) बमोजिम एकीकृत सेवाकेन्द्र रहने स्थान निर्धारण गर्दा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित निर्वाचन क्षेत्रको सर्वदलीय बैठकको निर्णयबाट तथा खण्ड (ख) बमोजिम एकीकृत सेवाकेन्द्र रहने स्थान निर्धारण गर्दा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित जिल्लाको सर्वदलीय बैठकको निर्णयबाट तय गरी गृह मन्त्रालयमा सिफारिश गर्ने ।

(घ) मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको मिति २०६५।१०।१९ को निर्णयानुसार एकीकृत सेवाकेन्द्र खोल्ने कार्य स्थगित भएका वारा, रौतहट, सर्लाही र महोत्तरी जिल्लाका एकीकृत सेवाकेन्द्रको मुकाम तोकिएका मध्ये विवाद भएकाहरूको हकमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित निर्वाचन क्षेत्रको सर्वदलीय बैठकको निर्णयको आधारमा एकीकृत सेवाकेन्द्रको मुकाम तोक्न गृह मन्त्रालयमा सिफारिश गर्ने ।

(ङ) खण्ड (क) देखि (घ) बमोजिम सिफारिश प्राप्त भएपछि एकीकृत सेवाकेन्द्रको निर्धारण माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री र माननीय सामान्य प्रशासन मन्त्री एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सचिवहरू रहेको उपसमितिले गर्ने ।

६. संविधान सभा उपनिर्वाचनको बजेट खर्च लेख्ने विषयको गृह मन्त्रालयको नं. ६।२७९-०६५।१२।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. सुदूरपश्चिम र मध्यपश्चिम विकास क्षेत्रका प्रकोपबाट विस्थापित परिवारहरूको लागि पुनर्वास कार्ययोजना स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२८०-०६५।१२।२३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" मा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

(क) पुन:स्थापना गर्दा सम्भव भएसम्म सोही जिल्लामा नै गर्ने व्यवस्था मिलाउने ।

(ख) कार्ययोजनामा उल्लेख गर्न छूट भएका कालिकोट र बाजुरा जिल्ला समेत थप गर्ने ।

८. संविधान सभाको उप-निर्वाचन हुने जिल्लाहरूमा सार्वजनिक विदा दिने विषयको गृह मन्त्रालयको नं. ६।२८२-०६५।१२।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. जाँचबुझ आयोगका पदाधिकारी एवं कर्मचारीहरूलाई पारिश्रमिक लगायतको सुविधा उपलब्ध गराउने (संविधानसभा सदस्य बोधनारायण सरदारको मृत्युका सम्बन्धमा गठित) विषयको गृह मन्त्रालयको नं. ६।२९४-०६५।१२।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने (सगुन श्रेष्ठ समेत ९ जनालाई) विषयको गृह मन्त्रालयको नं. ६।२९७-०६५।१२।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. स्व. प्रचण्ड थैवलाई शहीद घोषणा गर्ने विषयको गृह मन्त्रालयको नं. ६।१क-०६६।१।३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित क्र.सं. (१) मा रहेको "स्व. प्रचण्ड थैवलाई शहीद घोषणा गर्ने" भन्ने व्यहोराको सट्टा "स्व. प्रचण्ड थैवलाई विद्यार्थी शहीद घोषणा गर्ने" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. भारतबाट ३०० देखि ५०० मेगावाटसम्मको विद्युत आयात एवं खरिद गर्न स्वीकृति दिने विषयको जलस्रोत मन्त्रालयको नं. ७।४९-०६५।१२।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. Dialogue on Land and Water Management for Climate Change Adaptation विषयक सम्मेलनमा भाग लिन पठाउने (मा. मन्त्रीलाई) विषयको जलस्रोत मन्त्रालयको नं. ७।४७-०६५।१२।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. वढुवा नियुक्ति र पदस्थापन गर्ने (उप सचिव श्री शंकरदास वैरागीलाई) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।६०-०६५।१२।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. नेपाल विश्व सम्बन्ध परिषद्लाई आर्थिक सहायता उपलब्ध गराउने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।६१-०६५।१२।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. चीन भ्रमणमा जाने (मा. परराष्ट्र मन्त्रीको नेतृत्वमा) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।६२-०६५।१२।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. Durban Review Conference मा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।१-०६६।१।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. नेपाल प्रवर्द्धन महोत्सवमा भाग लिन जाने (मा. मन्त्रीको नेतृत्वमा) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।२५-०६५।१२।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने -

१९. नयाँ संविधान र विश्व शान्तिको लागि सगरमाथा आरोहण अभियान, २००९ आरोहण दललाई रोयल्टी छुट गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।२७-०६५।१२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. एशियाली खेलकूद मन्त्रीको बैठकमा भाग लिन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको युवा तथा खेलकूद मन्त्रालयको नं. ११क।९-०६५।१२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. खिम्ती-ढल्केबर विद्युत प्रसारण लाइनमा पर्ने रुखहरू हटाई वन क्षेत्र प्रयोग गर्न दिने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।५६-०६५।१२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. Fourth Meeting of the conference of the Parties of the Stockholm Convention on Persistent Pollutants समेतमा भाग लिन प्रतिनिधिमण्डल पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको नं. १४।२८-०६५।१२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. सरकारी वार्ता टोली र मधेशी मुक्ति टाइगर्सका वार्ता टोली तथा नेपाल पिछडा वर्ग महासंघको वार्ता टोलीबीच भएका सहमतिहरू अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।६३-०६५।१२।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. संघीय लिम्बुवान राज्य परिषद्का ३८ जना घाइते कार्यकर्ताहरूको उपचार खर्च उपलब्ध गराउने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।६४-०६५।१२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. सरकारी वार्ता टोली र ताम्सालिङ संयुक्त संघर्ष समिति, नेपालको वार्ता टोलीबीच भएको सहमतिका बुँदाहरूलाई अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।६९-०६५।१२।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. कोटा समायोजन गर्ने गरी छात्रवृत्तिमा अध्ययनका लागि मनोनयन गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।५०-०६५।१२।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. ITU Telecom World 2009, Geneva, Switzerland भ्रमण (मा. मन्त्रीको नेतृत्वमा) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।५६ -०६५।१२।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. सांस्कृतिक संस्थानको अध्यक्ष र महाप्रबन्धकमा नियुक्ति गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।५५-०६५।१२।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०६५ संशोधन गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।४३-०६५।१२।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. विश्व स्वास्थ्य संगठन दक्षिणपूर्वी क्षेत्रका स्वास्थ्य मन्त्रीहरूको २७ औं बैठक र क्षेत्रीय समितिको ६२ औं बैठक होटल सोल्टी क्राउन प्लाजा, काठमाडौंमा आयोजना गर्न स्वीकृति दिने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।१२६-०६५।१२।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३१. समाज कल्याण ऐन, २०४९ को दफा ५. को उपदफा (२) को खण्ड (ख), (ग) र (ढ) को अधिकार प्रयोग गरी समाज कल्याण परिषद्को देहायको पदाधिकारीमा देहायका महानुभावलाई मनोनयन गर्ने -

| | | | |
|---|---|---|---|
| (क) | श्री दाताराम खनाल, ईलाम | - | उपाध्यक्ष |
| (ख) | श्री रत्नबहादुर गाहा मगर, सुर्खेत | - | कोषाध्यक्ष |
| (ग) | डा. छेवाङ नाम्गेल लामा (शेर्पा), सोलुखुम्बु | - | सदस्य सचिव । |

३२. मं.प.बै.सं. ४६।०६५ मिति २०६५।११।२१ को मन्त्रिपरिषद्को बैठकबाट ''राष्ट्रिय सूचना प्रविधि आयोगको' उपाध्यक्षमा नियुक्ति गर्ने विषय मन्त्रिपरिषद्, राजनैतिक नियुक्ति सिफारिश समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने' भन्ने निर्णय भएकोमा 'सूचना प्रविधि उच्चस्तरीय आयोगको पदाधिकारीमा देहायका महानुभावलाई बढीमा चार वर्षका लागि नियुक्ति गर्ने । आयोगका उपाध्यक्षलाई मासिक पारिश्रमिक रु. २५,७००।- र मासिक इन्धन १८० लिटर उपलब्ध गराउने -

| | | | |
|---|---|---|---|
| (क) | श्री मनोहर भट्टराई | - | उपाध्यक्ष |
| (ख) | श्री जुद्धबहादुर गुरुङ्ग | - | सदस्य सचिव । |

३३. मं.प.बै.सं. ४४।०६४ मिति २०६४।१२।२० को मन्त्रिपरिषद्को निर्णयबाट 'कपिलवस्तु जिल्ला, रुपन्देही जिल्लाको बुटवल क्षेत्र र दाङ जिल्लामा घटेका घटना सम्बन्धी जाँचबुझ गर्न गठित आयोगले पेश गरेको प्रतिवेदन' कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाईएकोमा उल्लिखित घटनामा संलग्न व्यक्तिहरू तथा प्रहरी अनुसन्धानको क्रममा आरोपित व्यक्तिहरूमध्ये देहायका मुद्दामा संलग्न देहायका व्यक्तिहरू बाहेक सबुद प्रमाण नपुगेका अन्य व्यक्तिहरूलाई राजनैतिक आग्रहका कारणबाट चलाइएका मुद्दा फिर्ता लिने सम्बन्धी कारवाही गृह मन्त्रालयले अगाडि बढाउने ।

(क) मुद्दा - कर्तव्य ज्यान (स.प्र.ज.हसन पूरीको हत्या सम्बन्धी)

| | | | |
|---|---|---|---|
| १. | मुस्तफा मुसलमान - वीरपुर-९ | २. | लोधइ मुसलमान - वीरपुर-९ |
| ३. | पप्पु खाँ - वीरपुर-९ | ४. | पिन्टु खाँ - वीरपुर-९ |
| ५. | महता खाँ - वीरपुर-९ | ६. | मेराज खाँ - वीरपुर-९ |
| ७. | सहिन्सा खाँ - वीरपुर-९ | ८. | राजकुमार चौधरी - गणेशपुर-५ |

(ख) मुद्दा - डकैती

१. विकास गुप्ता - कृष्णनगर-२ २. अक्रम मुसलमान- कृष्णनगर-२

३. मेहराज खाँन - सिर्सिहवा-८ ४. विवेक मुसलमान- कृष्णनगर-८

(ग) मुद्दा - आगजनी

१. वालजी चौधरी, कुर्मी - खूरुरीया-४

३४. संविधान सभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलका एक एक जना प्रमुख पदाधिकारीलाई एक एकवटा सवारी साधन र मासिक १८० लिटर इन्धन सुविधा उपलब्ध गराउने ।

३५. बुटवल नगरपालिका, दीपनगर निवासी प्रचण्ड थैवको मृत्यु सम्बन्धी घटनामा संलग्न सुजित वि.क.लाई तुरुन्त पक्राउ गरी कार्वाही अघि बढाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।